अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।१४ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कपिलवस्तु, मायादेवी गाउँपालिकाका सि.अ.हे.व.(अधिकृत छैठौं) महेन्द्र प्रसाद यादवले बिगत आ.ब. देखिनै पेश्की रकम लिई फछ्यौंट नगरेको अवस्थामा पनि पेश्की माथि पेश्की रकम हालसम्म फछ्यौंट नगरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मायादेवी गाउँपालिका, पकडी, कपिलवस्तुमा आ.व. २०७५/७६ मा स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरू संचालन गर्न भनी लिएको पेश्की रू.२२,६२,३००/- रकम बेरुजु देखिएकोमा रू.२,४५,०००/- रकम बेरुजु फछ्यौंट भई हालसम्म रू.२०,१७,३००/- रकम बेरुजु कायम नै रहेको देखिएको, आ.व. २०७७/७८ मा स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरू संचालन गर्न भनी लिएको पेश्की रू.१०,००,०००/- रकम बेरुजु देखिएकोमा हालसम्म बिल भरपाई पेश गरी पेश्की फछ्यौंट नगरेकोले रू.१०,००,०००/- नै बेरुजु कायम रहेको देखिएको, आ.व. २०७८/७९ मा स्वास्थ्य सम्बन्धी बिभिन्न कार्यक्रमहरू संचालन गर्न भनी लिएको पेश्की रकममध्ये रू.१५,९५,०००/- रकम बेरुजु देखिएकोमा रू.५,०००/- असुल भई हालसम्म रू.१५,९०,०००/- रकम बेरुजु कायम भई सो बेरुजुसमेत हालसम्म फछ्यौंट नभएकोले आ.व. २०७५/७६ देखि आ.व. २०७८/७९ सम्म कुल पेश्की **रू.४६,०७,३००/- (छयालीस लाख सात हजार तीन सय)** रकम बेरुजु कायम रहेको देखिंदा **मायादेवी गाउँपालिका, पकडी, कपिलवस्तुमा कार्यरत सि.अ.हे.व. (अधिकृत छैठौं) महेन्द्र प्रसाद यादव, तत्कालीन प्रमुख प्रशासकीय अधिकृतहरु रामचन्द्र ढकाल, कृष्ण प्रसाद तिमिल्सिना, प्रमेश्वर यादव र लेखा अधिकृत प्रकाश गौतम, लेखापाल तुल्सीराम पौडेल र लेखा सहायक पाचौं गिरीराज गौतम**ले बिभिन्न कार्यक्रमहरु गर्न भनी पेश्की लिए/दिएकोमा लेखापरीक्षण प्रतिवेदनबाट असुल उपर गर्नुपर्ने प्रकृतिको भनी उल्लेख गरेको र पेश्की रकम लिई तोकिएका सम्बन्धित कार्य गरी पेश्की फछ्यौंट गर्नुपर्नेमा सो नगरी लामो समयसम्म आवश्यक कागजात बिल भरपाईहरु पेश गरेको नदेखिएकोले तोकिएका कार्यक्रमहरु संचालन नै नगरी पेश्की लिने दिनेको आपसी मिलेमतोमा उक्त रकम हिनामिना मस्यौट गरेकोले पेश्की तथा बेरुजुको सम्बन्धमा साविक आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ तथा हाल प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ को उपदफा (१) बमोजिम लेखापरीक्षणबाट औंल्याइएको बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्यौंट गर्ने दायित्व जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने व्यवस्था रहेको, साविक आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ को उपनियम (३) बमोजिम नियमावलीमा तोकिएको म्याद भित्र यसै नियमावलीको कार्यविधि अपनाई पेश्की फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने उल्लेख भएको र सोही नियमावलीको नियम ७७ को उपनियम (३) बमोजिम कबुलियतनामाको शर्त अनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की बाहेक चालु आर्थिक बर्षको अन्त्यसम्ममा नफर्छिने गरी कुनै पेश्की दिनु हुँदैन तथा हाल प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ को उपनियम (४) र (५) बमोजिम पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले

सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिलभरपाई र कागजातसहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने र कार्यालयले आवश्यक जाँचबुझ गरी ७ दिनभित्र त्यस्तो पेश्की फछ्यौट गरीसक्नुपर्ने तथा सोही नियमावलीको नियम ५० को उपनियम (३) मा कार्यालयले सम्झौताको शर्त अनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की बाहेक चालु आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट हुन नसक्ने गरी कुनै पेश्की दिनु हुँदैन भन्ने कानूनी व्यवस्था रहेकोमा प्रतिवादीहरुले बदनियत राखी पेश्की रकम लिई/दिई गर्नुपर्ने कार्यक्रमहरु नै नगरी/नगराई पेश्की माथि पेश्की लिई/दिई आपसी मिलेमतोमा सार्वजनिक सम्पत्तिको हिनामिना गरेको कारणबाट पेश्की फछ्यौट नगर्दा बेरुजु बाँकी रहेको रु.४६,०७,३००/-(अक्षरेपी छयालीस लाख सात हजार तीन सय) रकम हिनामिना मस्यौट गरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा देहायका प्रतिवादीहरुउपर देहाय वमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>देहाय</u>

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | मायादेवी गाउँपालिका, कपिलवस्तुमा कार्यरत **तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र ढकाल** | रु.२०,१७,३००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले रु. बीस लाख सत्र हजार तीन सय विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हानिनोक्सानी गरेको सरकारी सम्पत्ति असुल उपर गर्न मागदाबी लिइएको छ। |
| २. | मायादेवी गाउँपालिका, कपिलवस्तुमा कार्यरत **तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रमेश्वर यादव** | रु.१५,९०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टी भएकोले विगो रु. पन्ध्र लाख नब्बे हजार रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी हानिनोक्सानी गरेको सरकारी सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर गर्न मागदावी लिइएको छ। |
| ३. | मायादेवी गाउँपालिका, कपिलवस्तुमा कार्यरत **तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद तिमिल्सिना** | रु.१०,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले विगो रु. दश लाख रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको |

| | | | |
|---|---|---|---|
| | | | दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी हानिनोक्सानी गरेको सरकारी सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर गर्न मागदाबी लिइएको छ। |
| ४. | मायादेवी गाउँपालिका, कपिलवस्तुमा कार्यरत **तत्कालीन लेखा अधिकृत प्रकाश गौतम** | रु.१५,६०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि भएकोले विगो रु. पन्ध्र लाख साठी हजार रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी हानिनोक्सानी गरेको सरकारी सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर गर्न मागदावी लिइएको छ। |
| ५. | मायादेवी गाउँपालिका पकडी, कपिलवस्तुमा कार्यरत **सि.अ.हे.व. (अधिकृत छैठौं) महेन्द्र प्रसाद यादव** | रु.४६,०७,३००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्य भएकोले विगो रु.छयालीस लाख सात हजार तीन सय कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी हानिनोक्सानी गरेको सरकारी सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर गर्न मागदाबी लिइएको छ। |
| ६. | मायादेवी गाउँपालिका, कपिलवस्तुमा कार्यरत **तत्कालीन लेखापाल तुल्सीराम पौडेल** | रु.१९,१७,३००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले रु. उन्नाईस लाख सत्र हजार तीन सय विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी हानिनोक्सानी गरेको सरकारी सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर गर्न मागदाबी लिइएको छ। |
| ७. | मायादेवी गाउँपालिका, कपिलवस्तुमा कार्यरत **लेखा (सहायक पाँचौ) गिरीराज गौतम** | रु.१४,१०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि भएकोले विगो रु.अक्षरेपी चौध लाख दश हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम |

| | | | |
|---|---|---|---|
| | | | कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी हानिनोक्सानी गरेको सरकारी सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर गर्न मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल